# भाग ५

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले सोही दफाको उपदफा (२) मा उल्लिखित निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित मालवस्तुको पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति २०८१।०८।०६ मा गरेको निर्णय र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (२) बमोजिम भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण भई सञ्चालनमा रहेको जयनगर-जनकपुर-विजलपुरा (भगाहा) रेलमार्ग (५२ कि.मी.) मध्ये जयनगर-कुर्ता (३५ कि.मी.) खण्डको रेल्वे ट्रयाक तथा सिग्नलिङ सिस्टमको मर्मत सम्भार कार्यको लागि स्वीकृत मास्टर लिष्ट बमोजिम भारतीय रुपैयाँ १२,०६,४९,८६५.०० (बाह्र करोड छ लाख उनन्चास हजार आठ सय पैंसट्ठी) मूल्य बराबरको खपत हुने सामग्री पैठारी गर्दा लाग्ने सम्पूर्ण दस्तुर, शुल्क, महसुल तथा कर छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८१।०८।१२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

### सूचना २

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले सोही दफाको उपदफा (२) मा उल्लिखित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित मालवस्तुको पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति २०८१।०८।०६ मा गरेको निर्णय र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (३) बमोजिम एसियाली विकास बैङ्कको ऋण सहयोग र नेपाल सरकारको संयुक्त लगानीमा सञ्चालन भैरहेको Additional Financing for Electricity Grid Modernization Project अन्तर्गत रहेको थानकोट-चापागाउँ-भक्तपुर १३२ के.भी. विद्युत प्रसारण लाइन आयोजना अन्तर्गत काठमाडौं जिल्लाको मुलपानीमा १३२ के.भी. सबस्टेसन आयोजनाको निर्माण कार्यको लागि साबिकको मास्टरलिष्टमा अमेरिकी डलर ७३,१३,८४९.५५ (त्रिहत्तर लाख तेह्र हजार आठ सय उनन्चास सेन्ट पचपन्न) रहेकोमा संशोधित मास्टर लिष्टमा कुल अमेरिकी डलर ४,३९,७८३.१८ (चार लाख उनन्चालिस हजार सात सय त्रियासी सेन्ट अठार) देखिएकोमा उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयबाट कुल अमेरिकी डलर ३,८२,५०४.६९ (तीन लाख बयासी हजार पाँच सय चार सेन्ट उनन्सत्तरी) मा मात्र कर छुटका लागि लेखी आएकोले उक्त संशोधित मास्टर लिष्टमा थप हुन आएको कुल अमेरिकी डलर ३,८२,५०४.६९ (तीन लाख बयासी हजार पाँच सय चार सेन्ट उनन्सत्तरी) मूल्य बराबरको खपत हुने मालवस्तु पैठारी गर्दा एक प्रतिशत भन्सार महसुल लिई अन्य दस्तुर, महसुल तथा सम्पूर्ण कर छुट प्रदान गर्ने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८१।०८।२१ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले सोही दफाको उपदफा (२) मा उल्लिखित निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित मालवस्तुको पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति २०८१।०८।०६ मा गरेको निर्णय र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (३) बमोजिम नेपाल सरकार र एसियाली विकास बैङ्कको ऋण सम्झौता (Loan number: ४०१४ NEP (COL) तथा नेपाल विद्युत प्राधिकरण र ठेकेदार कम्पनी M/s Yantai Dongfang Wisdom Electric Co.ltd, Yanti City, China बीच भएको ठेक्का सम्झौता अनुसारको आयोजनामा खपत हुने कुल अमेरिकी डलर ८४,७८,२७०.०० (चौरासी लाख अठहत्तर हजार दुई सय सत्तरी) मूल्य बराबरको स्वीकृत मास्टर लिष्टमा थप भएको अमेरिकी डलर ५०,८४५.०० (पचास हजार आठ सय पैतालिस) मूल्य बराबरको खपत हुने मालवस्तु पैठारी गर्दा एक प्रतिशत भन्सार महसुल लिई बाँकी अन्य दस्तुर, शुल्क तथा सम्पूर्ण कर छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८१।०९।११ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ४

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले सोही दफाको उपदफा (२) मा उल्लिखित निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित मालवस्तुको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति २०८१।०८।०६ मा गरेको निर्णय र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (३) बमोजिम एसियाली विकास बैङ्कको ऋण सहयोग र नेपाल सरकारको संयुक्त लगानीमा विद्युत प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण आयोजना (SASEC: Power Transmission and Distribution System Strengthening Project) को उप-आयोजना (Package B२) ललितपुर-भक्तपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाको लागि कुल अमेरिकी डलर २,६९,९१,३४३.५२ (दुई करोड उनान्सत्तरी लाख एकानब्बे हजार तीन सय त्रिचालिस सेन्ट बाउन्न) मूल्य बराबरको मालवस्तु समावेश भएको स्वीकृत मास्टर लिष्टमा भेरियसनका कारण थपघट हुन गई घटी हुन गएको अमेरिकी डलर ४७,४७,७१०.६३ (सतचालिस लाख सतचालिस हजार सात सय दश सेन्ट त्रिसट्टी) मूल्य समायोजन गरी बढी हुन गएको अमेरिकी डलर ३९,६५,२७०.५६ (उनन्चालिस लाख पैंसट्टी हजार दुई सय सत्तरी सेन्ट छपन्न) रकम समेत समायोजन गरी अमेरिकी डलर २,६२,०८,९०३.४५ (दुई करोड बैसट्टी लाख आठ हजार नौ सय तीन सेन्ट पैतालिस) को संशोधित मास्टर लिष्टमा थप हुन आएको अमेरिकी डलर ३९,६५,२७०.५६ (उनन्चालिस लाख पैंसट्टी हजार दुई सय सत्तरी सेन्ट छपन्न) मूल्य बराबरको खपत हुने सामग्री पैठारी गर्दा एक प्रतिशत भन्सार महसुल लिई अन्य दस्तुर, शुल्क तथा सम्पूर्ण कर छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८१।१०।०२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना ५

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले सोही दफाको उपदफा (२) मा उल्लिखित निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित मालवस्तुको पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति २०८१।०८।०६ मा गरेको निर्णय र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (३) बमोजिम एसियाली विकास बैङ्कको ऋण र नेपाल सरकारको लगानीमा सञ्चालन भैरहेको विद्युत ग्रीड आधुनिकीकरण आयोजना (Electricity Grid Modernization Project, EGMP) अन्तर्गतको १३२ के.भी. प्रसारण कन्डक्टर स्तरोन्नति आयोजनाबाट हाल १३२ के.भी. भोल्टेज स्तरमा सञ्चालनमा रहेका प्रसारण लाइन (स्युचाटार-बालाजु, स्युचाटार-मातातिर्थ, स्युचाटार-टेकु तथा ढल्केवार-पथलैया दुहवी-कुशाहा) को स्तरोन्नतिका लागि स्वीकृत प्रथम संशोधित मास्टर लिष्टबमोजिम कायम भएको अमेरिकी डलर १,४०,४२,१२३.४२ (एक करोड चालिस लाख बयालिस हजार एक सय तेईस सेन्ट बयालिस) मूल्यबाट साबिकको मास्टर लिष्ट बमोजिम अमेरिकी डलर १,३०,४३,७३४.३७ (एक करोड तिस लाख त्रिचालिस हजार सात सय चौतिस सेन्ट सैंतिस) मूल्य घटाउँदा थप हुन आउने अमेरिकी डलर ९,९८,३८९.०५ (नौ लाख अन्ठानब्बे हजार तीन सय उन्नानब्बे सेन्ट शून्य पाँच) मूल्य बराबरको खपत हुने सामग्री पैठारी गर्दा एक प्रतिशत भन्सार महसुल लिई अन्य दस्तुर, शुल्क, महसुल तथा कर छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८१।१०।२४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना ६

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले सोही दफाको उपदफा (२) मा उल्लिखित निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित मालवस्तुको पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति २०८१।०८।०६ मा गरेको निर्णय र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (३) बमोजिम एसियाली विकास बैङ्कको ऋण सहयोग र नेपाल सरकारको संयुक्त लगानीमा सञ्चालन भई रहेको Electricity Grid Modernization Project (EGMP) अन्तर्गत केरौन १३२/३३ के.भी. सबस्टेशन आयोजनाबाट विद्यमान दुहशि-पडाजुंगी १३२ के.भी. प्रसारण लाइनबाट सप्लाई लिने गरी मोरङ जिल्लाको कानेपोखरी गाउँपालिका वडा नं २ केरौनमा १३२/३३ के.भी. सबस्टेशन निर्माण गर्ने कार्यको लागि अमेरिकी डलर ४४,३४,९६३.०० (चौवालिस लाख चौतिस हजार नौ सय त्रिसट्टी) मूल्य बरावरको सामग्री समावेश भएको स्वीकृत मास्टर लिष्टमा भेरियसनका कारण घटी हुन गएको अमेरिकी डलर १,५३,०७५.४० (एक लाख त्रिपन्न हजार पचहत्तर सेन्ट चालिस) मूल्य समायोजन गरी बढी हुन गएको अमेरिकी डलर १,८७,२११.३० (एक लाख सतासी हजार दुई सय एघार सेन्ट तिस) रकम समेत समायोजन गरी अमेरिकी डलर ४४,६९,०९८.९० (चौवालिस लाख उनन्सत्तरी हजार अन्ठानब्बे सेन्ट नब्बे) मूल्यको प्रथम संशोधित मास्टर लिष्टमा थप हुन आएको अमेरिकी डलर १,८७,२११.३० (एक लाख सतासी हजार दुई सय एघार सेन्ट तिस) मूल्य बराबरको खपत हुने सामग्री पैठारी गर्दा एक प्रतिशत भन्सार महसुल लिई अन्य दस्तुर, शुल्क तथा सम्पूर्ण कर छुट दिने निर्णय नेपाल सरकार, अर्थ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मन्त्रालयले मिति २०८१।११।११ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ७

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले सोही दफाको उपदफा (२) मा उल्लिखित निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित मालवस्तुको पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति २०८१।०८।०६ मा गरेको निर्णय र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (३) बमोजिम रौतहट, बारा र पर्सा जिल्लाका ८ वटा वितरण केन्द्रहरुको वितरण प्रणाली सुदृढिकरण कार्यबाट करिब ३ लाख १० हजार विद्युत ग्राहक (सङ्घ संस्था, उद्योग र अन्य नागरिक/उपभोक्ता) लाभान्वित हुने नर्वे सरकारको अनुदान र एसियाली विकास बैङ्कको संयोजनमा ऋण तथा अनुदान सहयोग र नेपाल सरकार तथा नेपाल विद्युत प्राधिकरणको संयुक्त लगानीमा सञ्चालित South Asia Sub regional Economic Cooperation (SASEC) कार्यक्रम अन्तर्गतको विद्युत प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण आयोजना (Power and Distribution System strengthening Project, PTDSSP) (Grant No. ०७११ & Loan no: ३९४३-NEP(COL)) अन्तर्गतको उप आयोजना (Package-B४) मधेश प्रदेश (साबिकको प्रदेश नं २) ग्रामीण विद्युतीकरण तथा वितरण प्रणाली आयोजना, लट-५ निर्माण गर्ने कार्यको लागि अमेरिकी डलर ५३,५२,४९७.९० (त्रिपन्न लाख बाउन्न हजार चार सय सन्तानब्बे सेन्ट नब्बे) मूल्यको मास्टर लिष्टमा भेरियसनका कारण घटी हुन गएको अमेरिकी डलर ७,७३,९५९.२४ (सात लाख



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्रिहत्तर हजार नौ सय उनान्साठी सेन्ट चौबिस) मूल्य समायोजन गरी बढी हुन गएको अमेरिकी डलर ६,७८,६९८.५९ (छ लाख अठहत्तर हजार छ सय अन्ठानब्बे सेन्ट उनन्साठी) समेत समायोजन गरी अमेरिकी डलर ५२,५७,२३७.२५ (बाउन्न लाख सन्ताउन्न हजार दुई सय सैंतिस सेन्ट पच्चिस) मूल्यको संशोधित मास्टर लिष्टमा थप हुन आएको अमेरिकी डलर ६,७८,६९८.५९ (छ लाख अठहत्तर हजार छ सय अन्ठानब्बे सेन्ट उनन्साठी) मूल्य बराबरको खपत हुने सामग्री पैठारी गर्दा एक प्रतिशत भन्सार महसुल लिई अन्य दस्तुर, शुल्क तथा सम्पूर्ण कर छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८१।११।११ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ८

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले सोही दफाको उपदफा (२) मा उल्लिखित निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित मालवस्तुको पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति २०८१।०८।०६ मा गरेको निर्णय र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (३) बमोजिम युरोपियन इन्भेष्टमेन्ट बैङ्क र नेपाल सरकारको संयुक्त लगानीमा निर्माणाधीन मर्स्याङ्दी कोरिडोर २२० के.भी. प्रसारण लाइन आयोजना निर्माणका लागि स्वीकृत अमेरिकी डलर १,५८,७९,८३३.५५ (एक करोड अन्ठाउन्न लाख उनान्असी हजार आठ सय तेत्तिस सेन्ट पचपन्न) मूल्यको संशोधित मास्टर लिष्टमा भेरियसनका कारण बढी हुन गएको अमेरिकी डलर ५,४८,५६९.५३ (पाँच लाख अठ्चालिस हजार पाँच सय उनान्सत्तरी सेन्ट त्रिपन्न)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मूल्यको रकम समेत समायोजन गरी अमेरिकी डलर १,५८,८५,६३३.०३ (एक करोड अन्ठाउन्न लाख पचासी हजार छ सय तेत्तिस सेन्ट शून्य तीन) मूल्यको संशोधित मास्टर लिष्ट कायम भएकोले उक्त मास्टर लिष्टमा थप हुन आएको अमेरिकी डलर ५,४८,५६९.५३ (पाँच लाख अठ्चालिस हजार पाँच सय उनान्सत्तरी सेन्ट त्रिपन्न) मूल्य बराबरको खपत हुने मालवस्तुको पैठारी गर्दा एक प्रतिशत भन्सार महसुल लिई अन्य दस्तुर, शुल्क तथा सम्पूर्ण कर छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८१।११।२० मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ९

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले सोही दफाको उपदफा (२) मा उल्लिखित निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित मालवस्तुको पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति २०८१।०८।०६ मा गरेको निर्णय र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (३) बमोजिम एसियाली विकास बैङ्कको ऋण सहयोग र नेपाल सरकारको संयुक्त लगानीमा सञ्चालन भइरहेको Power Transmission and Distribution Efficiency Enhancement Project अन्तर्गत रहेको काठमाडौं उपत्यका प्रसारण क्षमता सुदृढीकरण आयोजनाको लागि साबिकको स्वीकृत अमेरिकी डलर ९१,८१,२४१.९८ (एकानब्बे लाख एकासी हजार दुई सय एकचालिस सेन्ट अन्ठानब्बे) मूल्यको मास्टर लिष्टमा भेरियसनका कारण घटी हुन गएको अमेरिकी डलर ८,४१,३०१.५२ (आठ लाख एकचालिस हजार तीन सय एक सेन्ट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बाउन्न) मूल्य समायोजन गरी बढी हुन गएको अमेरिकी डलर ३,६५,८८९.६९ (तीन लाख पैसट्ठी हजार आठ सय उनानब्बे सेन्ट उनान्सत्तरी) समेत समायोजन गरी अमेरिकी डलर ८७,०५,८३०.१५ (सतासी लाख पाँच हजार आठ सय तिस सेन्ट पन्ध्र) मूल्यको पहिलो संशोधित स्वीकृत मास्टर लिष्ट कायम भएकोले थप हुन आएको अमेरिकी डलर ३,६५,८८९.६९ (तीन लाख पैसट्ठी हजार आठ सय उनानब्बे सेन्ट उनन्सत्तरी) मूल्य बराबरको खपत हुने सामग्री पैठारी गर्दा एक प्रतिशत भन्सार महसुल लिई अन्य दस्तुर, शुल्क तथा सम्पूर्ण कर छुट दिने गर्ने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८१।११।२५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना १०

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले सोही दफाको उपदफा (२) मा उल्लिखित निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित मालवस्तुको पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति २०८१।०८।०६ मा गरेको निर्णय र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (३) बमोजिम एसियाली विकास बैङ्कको ऋण सहयोग तथा नेपाल सरकारको संयुक्त लगानीमा सञ्चालन भईरहेको डाँडाखेत-राहुघाट १३२ के.भी. प्रसारण लाइन आयोजना अन्तर्गत Procurement of plant for Design, Supply, Installation, Testing and Commissioning Of Dandakhet Rahughat 132 KV Transmission Line and associated Substation at Rahughat and Dandakhet निर्माण कार्यको लागि स्वीकृत अमेरिकी डलर १,५४,८४,६९६.०९



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(एक करोड चौवन्न लाख चौरासी हजार छ सय छयानब्बे सेन्ट शून्य नौ) मूल्यको मास्टर लिष्टमा भेरियसनका कारण घटी हुन गएको अमेरिकी डलर ३५,८४,७९१.२९ (पैंतिस लाख चौरासी हजार सात सय एकानब्बे सेन्ट उनन्तिस) मूल्य समायोजन गरी बढी हुन गएको अमेरिकी डलर ३६,५०,८९०.९३ (छत्तिस लाख पचास हजार आठ सय नब्बे सेन्ट त्रियानब्बे) रकम समेत समायोजन गरी अमेरिकी डलर १,५५,५०,७९५,७३ (एक करोड पचपन्न लाख पचास हजार सात सय पन्चानब्बे सेन्ट त्रिहत्तर) मूल्यको पहिलो स्वीकृत संशोधित मास्टर लिष्टमा थप हुन आएको अमेरिकी डलर ३६,५०,८९०.९३ (छत्तिस लाख पचास हजार आठ सय नब्बे सेन्ट त्रियानब्बे) मूल्य बराबरको खपत हुने सामग्री पैठारी गर्दा लाग्ने एक प्रतिशत भन्सार महसुल लिई अन्य दस्तुर, शुल्क तथा सम्पूर्ण कर छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८१।११।२७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ११

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले सोही दफाको उपदफा (२) मा उल्लिखित निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित मालवस्तुको पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति २०८१।०८।०६ मा गरेको निर्णय र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (३) बमोजिम एसियाली विकास बैङ्कको ऋण सहयोग र नेपाल सरकारको संयुक्त लगानीमा सञ्चालन भइरहेको SASEC Power Transmission and Distribution System Strengthening Project



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्तर्गत रहेको काठमाडौं उपत्यका प्रसारण क्षमता सुदृढिकरण आयोजना फेज २ बाट काठमाडौं उपत्यकाको बढ्दो विद्युत मागलाई सम्बोधन गर्न आयोजनाबाट भक्तपुर सबस्टेशन Bay Extension गरी भक्तपुर सबस्टेशनदेखि थिमीमा निर्माणाधीन सबस्टेशनसम्म १३२ के.भी डबल सर्किट भूमिगत प्रसारण लाईन निर्माण कार्यको लागि अमेरिकी डलर ५७,१३,४८१.६८ (सन्ताउन्न लाख तेह्र हजार चार सय एकासी सेन्ट अठसट्ठी) मूल्यको प्रथम संशोधित स्वीकृत मास्टर लिष्टमा भेरियसनका कारण बढी हुन गएको अमेरिकी डलर १८,४५१.८२ (अठार हजार चार सय एकाउन्न सेन्ट बयासी) रकम समेत समायोजन गरी अमेरिकी डलर ५७,३१,९३३.५० (सन्ताउन्न लाख एकतिस हजार नौ सय तेत्तिस सेन्ट पचास) मूल्यको दोस्रो संशोधित स्वीकृत मास्टर लिष्टमा थप हुन आएको अमेरिकी डलर १८,४५१.८२ (अठार हजार चार सय एकाउन्न सेन्ट बयासी) मूल्य बराबरको खपत हुने सामग्री पैठारी गर्दा एक प्रतिशत भन्सार महसुल लिई अन्य दस्तुर, शुल्क तथा सम्पूर्ण कर छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८१।१२।०३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना १२

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले सोही दफाको उपदफा (२) मा उल्लिखित निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित मालवस्तुको पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति २०८१।०८।०६ मा गरेको निर्णय र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) बमोजिम मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) बाट कार्यान्वयन भई रहेको रातमाटे ४०० के.भी. सबस्टेशन आयोजना निर्माण कार्यको लागि स्वीकृत मास्टर लिष्टमा उल्लेख भए बमोजिम मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) को नाममा पैठारी हुने अमेरिकी डलर ४,२८,८१,१२३.२७ (चार करोड अठ्ठाइस लाख एकासी हजार एक सय तेईस सेन्ट सत्ताइस) बराबरको आयोजनामा खपत हुने सामग्री पैठारी गर्दा लाग्ने सम्पूर्ण दस्तुर, शुल्क, महसुल वा कर छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८१।१२।१७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना १३

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले सोही दफाको उपदफा (२) मा उल्लिखित निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित मालवस्तुको पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति २०८१।०८।०६ मा गरेको निर्णय र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (३) बमोजिम नर्वे सरकारको अनुदान, एसियाली विकास बैङ्कको ऋण तथा अनुदान सहयोग र नेपाल सरकारको संयुक्त लगानीमा विद्युत प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण आयोजना (SASEC: Power Transmission and Distribution System Strengthening Project) को उप आयोजना मधेश प्रदेश (साबिकको प्रदेश नं. २) का सिराहा, सप्तरी र धनुषा जिल्लाका विभिन्न ६ वटा वितरण केन्द्रमा विद्युतीय प्रणाली सुधार गर्नको लागि स्वीकृत अमेरिकी डलर ३६,५३,६७०.९१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छत्तिस लाख त्रिपन्न हजार छ सय सत्तरी सेन्ट एकानब्बे) मूल्यको मास्टर लिष्टमा भेरियसनका कारण घटी हुन गएको अमेरिकी डलर १,५५,२०८.६३ (एक लाख पचपन्न हजार दुई सय आठ सेन्ट त्रिसट्ठी) मूल्य समायोजन गरी बढी हुन गएको अमेरिकी डलर ६६,८५३.७४ (छैसट्ठी हजार आठ सय त्रिपन्न सेन्ट चौहत्तर) रकम समेत समायोजन गरी अमेरिकी डलर ३५,६५,३१६.०३ (पैतिस लाख पैंसट्ठी हजार तीन सय सोह्र सेन्ट शून्य तीन) मूल्यको पहिलो संशोधित स्वीकृत मास्टर लिष्टमा थप हुन आएको अमेरिकी डलर ६६,८५३.७४ (छैसट्ठी हजार आठ सय त्रिपन्न सेन्ट चौहत्तर) मूल्य बराबरको खपत हुने सामग्री पैठारी गर्दा एक प्रतिशत भन्सार महसुल लिई अन्य दस्तुर, शुल्क तथा सम्पूर्ण कर छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८१।१२।२६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**
**भूपाल बराल**
**नेपाल सरकारको सचिव।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू. १५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

मुद्रण विभाग,
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।